# मिति २०७९/०९/१४ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १ :**

यस वर्षको हिउँदमा चल्न सक्ने संभावित शितलहरको प्रतिकार्यको लागि संवन्धित वडा मार्फत दाउरा बाल्ने स्थान/चोक तोकि सो स्थानमा नेपाल प्रहरी तथा नगर प्रहरीको समन्वयमा आगो बाल्ने व्यवस्था मिलाउने । साथै आवश्यक दाउराको लागि जिल्ला आपुर्ती समिति समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस नेपालगंज उप-महानगरपालिकामा स्थानीय तह सेवा संचालन सम्वन्धी १ (एक) दिने तालिम कार्यक्रम मिति २०७९/०९/१६ मा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

मृगौला, क्सान्सर तथा मेरुदण्डको पक्षघात पिडितले नेपाल सरकारको निर्देशका बमोजिम लाभग्राहिले २०७९ असोज मसान्त सम्मको पाउने रकम संघीय सरकारबाट सोध भर्ना हुने गरी हाललाई विपत व्यवस्थापन कोषबाट खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

नेपालगंज उप-महानगरपालिका वडा नं. १५ स्थित जमुनहामा रहेको नेपाल भारत गेट पुरानो भई जिर्ण देखीएकाले सो को लगत इष्टिमेट तयार गरी रंगरोगन तथा आवश्यक मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

नेपालगंज उप-महानगरपालिका वडा नं. २ मा निर्माण हुने १०८ (एक सय आठ) फिटे हनुमान मूर्ति निर्माण योजना र वागेश्वरी मन्दिर परिसरमा रहेको जुँगे महादेव मन्दिर र पुल जिर्णोदार योजना लाई बहुवर्षिय योजनाको रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

नेपालगंज उप-महानगरपालिका क्षेत्र भित्र निर्माण हुने धार्मिक तथा गैरनाफामूलक संघ संस्थाका भवनमा नक्सापास दस्तुर छुट दिने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

नेपालगंज उप-महानगरपालिकामा रिक्त प्राविधिक पदमा करारमा कर्मचारी नियुक्तिका लागि नियमावली निर्माण गर्न मस्यौदा तयारीको लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

CamScanner

## मिति २०७९/०९/१४ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. ८ :**

नेपालगंज उप-महानगरपालिकामा अनलाईन तथा प्रकाशनले आफुखुसी कार्यालयको नाममा सूचना तथा विज्ञापन प्रकाशन गरी भुक्तानिका लागि पेश हुने गरेकोमा कार्यालयको अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति विना छापिएका कुनैपनि सूचना तथा विज्ञापनको भुक्तानि नगर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

नेपालगंज उप-महानगरपालिकामा वडा नं. ४ मा रहेको बसपार्कमा Electric Vehicle Charging Station निर्माणका लागि वार्षिक रु. ३०,००० (तिस हजार रुपैया मात्र) का दरले भाडा लिने गरि Kohalpur Electronic Vehicle Group Pvt. Ltd. लाई भाडामा दिने निर्णय गरियो ।

**निर्णय नं. १० :**

नेपालगंज उप-महानगरपालिका साझेदारी विकास कार्यक्रम संचालन कार्यविधि, २०७५ बमोजिम व्यवसायिक योजनाहरुको अन्तिम प्राथमिकरण भईसकेपछि कार्यान्वयन चरणमा प्रवेशका लागि निर्णय गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

१) वडा अध्यक्ष वडा नं. २० श्री कौशल कुमार धोवी - संयोजक

२) वडा अध्यक्ष वडा नं. ८ श्री रजनिश वाजपेयी - सदस्य

३) वडा अध्यक्ष वडा नं. ९ श्री गोविन्द रेग्मी - सदस्य

४) वडा अध्यक्ष वडा नं. १७ श्री लक्ष्मण बर्मा - सदस्य

५) कार्यपालिका सदस्य श्री विना थापा - सदस्य

६) वडा अध्यक्ष वडा नं. ४ श्री गोपाल पुन - आमन्त्रित-सदस्य

७) सामाजिक, गै.स.स. तथा साझेदारी विकास शाखा प्रमुख - सदस्य-सचिव

CamScanner